वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष ४४ अंक १७८ | २०८२ कात्तिक २० गते विहीबार, नेपाल सम्वत् ११४६ November 06, 2025 | पृष्ठ ४ | मूल्य : रू. ५/-






**सुन्तला बजार पठाउने तयारी :** तनहुँको घिरिङ गाउँपालिका-३ का कृषक दहल सिं थापाले उत्पादन गरेका सुन्तला खरिद गरी बजार पठाउने तयारी गरिदै । व्यवसायिक रूपमा सुन्तला खेती गर्दै आएका थापाले उत्पादित सुन्तला बारिबाटै व्यापारिलाई बिक्री वितरण गर्दै आएका छन् ।

*तस्विर : भञ्ज्याङ*

## तनहुँ युनेस्कोद्वारा आयोजित रक्तदानमा १९ पिन्ट संकलन

भञ्ज्याङ समाचारदाता/दमौली

तनहुँ युनेस्को क्लवले बुधबार दमौलीमा आयोजित रक्तदानमा १९ पिन्ट रगत संकलन भएको छ । प्रदेश अस्पताल दमौलीमा रगतको माग पूरा गर्न क्लवले स्थापना दिवसको अवसर पारेर व्यास नगरपालिका-३ प्रशासनचोकमा रक्तदान कार्यक्रम गरेको हो ।

अस्पतालमा विभिन्न प्रकारका बिरामीलाई रगतको आवश्यकता भइरहने र अस्पतालमा रगतको अभाव भएकाले क्लवले स्थापना दिवसलाई सामाजिक कार्यसँग जोडेको क्लवका अध्यक्ष सरोज भण्डारीले बताए । उनका अनुसार रक्तदानमा १९ पिन्ट रगत संकलन भएको छ । भण्डारीले क्लवले शिक्षा, स्वास्थ्य, पुरातात्विक क्षेत्रको संरक्षणमा काम गर्ने उल्लेख गरे।



जिल्ला समन्वय समितिका प्रमुख शान्तिरमण वाग्लेले क्लवले रक्तदान कार्यक्रम आयोजना गरी पुण्यको काम गरेको बताए । उनले समाजमा गलत भाष्य निर्माण भइरहेको भन्दै त्यसलाई चिर्नेतर्फ संस्थाले महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने उल्लेख गरे । व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेले रक्तदान जस्तो पुण्यको काम अरू नहुने भन्दै रगतको अभावमा कसैले पनि अकालमा ज्यान गुमाउन नहुने धारणा राखे।

# फूलखेतीमै रमाएका कृषकहरू

तालाकान्त बगाले/स्याङ्जा

केही वर्ष अघिसम्म विशेषगरी तिहारमा प्रयोग हुने सयपत्री फूल तथा माला अन्यत्रबाट आउने गर्थ्यो। फूल तथा माला खरिद गर्दा हुने आर्थिक पलायन पछिल्ला वर्षहरूमा जिल्लाभित्रै रहने गरेको छ । ठूला-ठूला सभासमारोह, धार्मिक कार्यहरू, विवाहलगायतमा प्रयोग गर्नका लागि जिल्ला बाहिरबाट फूल तथा माला ल्याउनुपर्ने बाध्यता पछिल्ला वर्षहरूमा न्यूनीकरण हुँदै गइरहेको छ ।

पछिल्ला वर्षहरूमा जिल्लाभित्रका विभिन्न स्थानमा सयपत्री फूलको व्यावसायिक उत्पादन थालिएसँगै फूल तथा माला बिक्रीबाट जिल्लामा आर्थिक उपार्जन गर्ने कृषकहरूको सङ्ख्या बढ्दै गएको छ । छोटो अवधि एकै यामबाट राम्रो आम्दानी हुने र बजारमा माग अत्याधिक हुँदा बजारीकरणको समस्या नहुने भएकाले पनि पछिल्लो समय यहाँका कृषकहरू यतातिर आकर्षिक भएका हुन् ।



कालीगण्डकी गाउँपालिकाले यहाँका कृषकहरूलाई फूलखेतीको सम्भावनाका बारेमा जानकारी दिने र फूलखेतीतर्फ आकर्षित गर्ने उद्देश्यसहित व्यावसायिकरूपमा फूलखेती गरेको थियो । पालिकाले थालेको फूलखेतीबाट उत्पादन तथा आम्दानी राम्रो भएपछि यहाँका कृषकहरू ह्वात्तै यसतर्फ आकर्षित भएका हुन् । अहिले गाउँपालिकाका कृषकले ठूलो परिमाणमा व्यावसायिक फूलखेती गरेका छन् ।

कृषकहरूले दसैं तथा तिहारको अवधिमा मात्रै फूल तथा माला बिक्री गरेर लाखौं आम्दानी गर्न सफल भएका छन्। गाउँपालिकाका कृषि अधिकृत अनुप पौडेलका अनुसार दसैं, तिहारको अवधिमा सयपत्री फूलका थुङ्गा तथा माला बिक्री गरेर रू १६ लाख २० हजार आम्दानी गरेका हुन् ।

दसैं तथा तिहारमा फूल तथा माला बिक्रीबाट राम्रो आम्दानी गरेका कृषकहरूका बारीमा अझै पनि टन्नै फूलहरु फुलिरहेका छन् । असारमा दुई चरणमा लगाएका फूलहरूको उत्पादन पनि दसैं, तिहार लक्षित गरेर हुने गरेको छ । दोस्रो चरणमा लगाएका फूलहरुको उत्पादन मङ्सिरको अन्तिमसम्म लिन सकिने कृषि अधिकृत पौडेलले बताउनुभयो।

कालीगण्डकीसहित जिल्लाभरका कृषकहरूले गत वर्षभन्दा यस वर्ष फूल बिक्रीबाट आम्दानी पनि वृद्धि गरेका हुन्। कालीगण्डकीका कृषकहरूले सयपत्री फूल बिक्रीबाट गतवर्ष मात्रै रू १५ लाख आम्दानी गरेका थिए । बारीमा अझै पनि फूल फुलिरहेकाले आम्दानी पनि स्वतः वृद्धि हुने कुषि अधिकृत पौडेल बताउनुहुन्छ ।

कालीगण्डकी गाउँपालिका अन्तर्गत विभिन्न वडाका २२ जना कृषकले व्यावसायिकरूपमा सयपत्री फूलखेती गर्दै आएका छन् । बाइस जनाले ३० रोपनीभन्दा धेरै क्षेत्रफलमा सयपत्री फूलखेती गरेका हुन् । गाउँपालिकाले कृषकहरूलाई सयपत्री फूलखेतीतर्फ आकर्षित गर्नका लागि प्रोत्साहनस्वरूप फूलको बीउ तथा अनुदान रकम उपलब्ध गराएको थियो। गाउँपालिकाभित्रका सामुदायिक घरबास (होमस्टे) हरूमा पाहुनाहरूको स्वागत सत्कारका लागि प्रयोग गर्ने गरी फूल लगाउने अभियान अगाडि बढाइएको थियो ।

कालीगण्डकी गाउँपालिका-३ लसर्घा देउरालीका रेमनसिंह सोमैले तीन रोपनी क्षेत्रफलमा व्यावसायिक रूपमा सयपत्री फूलखेती गर्नुभएको छ गाउँपालिकाको ५० प्रतिशत अनुदानमा उहाँले 'कर्मा ५५५' र कलकत्ते जातको सयपत्री फूल खेती गर्नुभएको हो । गतवर्ष परीक्षणको रूपमा लगाएको फूलखेतीबाट राम्रो आम्दानी भएपछि यस वर्ष थप विस्तार गरेर खेती गरेको उहाँले बताउनुभयो । "गत वर्ष साढे दुई रोपनी क्षेत्रफलमा सयपत्री फूलखेती गरेको थिएँ" उहाँले भन्नुभयो, "बजारमा फूलको माग अत्याधिक भई खपत भएकाले यस वर्ष पनि थप विस्तार गरी फूलखेती गरेको हुँ ।"

गत वर्ष साढे दुई रोपनी क्षेत्रफलमा फूलखेती गर्नुभएका उहाँले यस वर्ष तीन रोपनी क्षेत्रफलमा झण्डै दुई हजार फूलका बेर्ना लगाउनुभएको हो। यहाँ उत्पादन भएको फूल गाउँपालिकाले बजारीकरणको व्यवस्थासमेत गरिदिएकाले बजारको कुनै समस्या नभएको हो । कालीगण्डकी गाउँपालिका र हेफर इन्टरनेशनलको साझेदारीमा फूलको न्यूनतम् मूल्य निर्धारण गरिएको हो । "यहाँ उत्पादन भएको फूल थोकमा प्रतिकेजी रू. तीन सय र फुटकरमा रू ३५० का दरले बिक्री गर्छौं", उहाँले भन्नुभयो, "दुई चरणमा लगाएको फूलमध्ये पहिलो चरणअर्थात् असारमा लगाएको फूल बिक्री भइसकेको छ ।"

उत्पादन भएको फूल बुटवल, गुल्मीको रिडी तथा स्थानीय बजारहरूमा बिक्री भएको उहाँले बताउनुभयो । गत वर्ष फूलको मूल्य कम रहेकाले अपेक्षाअनुसार आम्दानी नभएको र यसपालि मूल्य राम्रो निर्धारण भएकाले पनि आम्दानीमा वृद्धि हुने विश्वास उहाँको छ । "गत वर्ष एकै याममा रू दुई लाख ५० हजार आम्दानी भएको थियो", उहाँले भन्नुभयो, "यस वर्ष क्षेत्रफल, बेर्ना र मुल्य पनि बढेकाले आम्दानी पनि बढ्छ, करिब चार लाख आम्दानी हुने अपेक्षा गरेको छु ।" गत वर्ष माला बनाएर बिक्री गर्दा पनि अपेक्षाअनुसार आम्दानी गर्न नसकेकाले यसवर्ष मालाभन्दा पनि फूलका थुङ्गा बिक्रीमा जोड दिनुभएको छ ।

गाउँपालिका आफैँले व्यावसायिक रूपमा फूलखेती गरेको छ । व्यावसायिक फूलखेती गर्न चाहने कृषकहरूलाई ५० प्रतिशत अनुदान उपलब्ध गराउनुका साथै बजारीकरणको समेत व्यवस्था गरिदिएकाले गाउँपालिका नै फूलमय बन्न पुगेको छ । यहाँबाट बर्सेनि लाखौं मूल्यको फूल देशका विभिन्न सहरहरूमा पुग्ने गरेको छ। कालीगण्डकी-१ का व्यावसायिक कृषक हीरामणि सुवेदीले यसपालिको दसैं, तिहारको अवधिमा होलसेलमा रू ३०० र फुटकरमा रू ४०० प्रतिकेजीका दरले फूलका थुङ्गा बिक्री गर्नुभयो । गत वर्षभन्दा यस वर्ष फूलको उत्पादन र मूल्य राम्रो पाईएकाले आम्दानी वृद्धि भएको उहाँले बताउनुभयो । उहाँले

बाँकी तेश्रो पेजमा

## नवगठित नेकपाले पदाधिकारीको उमेर हद र कार्यकाल तोक्ने, २० प्रतिशत जेनजी सहभागिता सुनिश्चित

भञ्ज्याङ समाचारदाता/काठमाडौं

विभिन्न १० वटा वामपन्थी पार्टीको एकताबाट गठन भएको 'नेपाली कम्युनिष्ट पार्टी'ले नेतृत्व विकास र हस्तान्तरणको वैज्ञानिक विधि स्थापित गर्दै पार्टी पदाधिकारीको उमेर हद र कार्यकाल तोक्ने भएको छ । बुधबार आयोजित पार्टी एकता घोषणा तथा एकताको राष्ट्रिय सम्मेलनमा प्रस्तुत घोषणापत्रमा पार्टीका सबै कमिटीमा ३५ प्रतिशत महिला, २० प्रतिशत जेनजी नवयुवा तथा युवा, १५ प्रतिशत दलित र पाँच प्रतिशत मुस्लिम समुदायबाट प्रतिनिधित्व गराइने उल्लेख छ ।




घोषणापत्रअनुसार जनवादी केन्द्रीयताको सिद्धान्तका आधारमा सामूहिक नेतृत्व एवं व्यक्तिगत उत्तरदायित्व वहन गर्नेगरी पार्टीको निर्माण र सञ्चालन गरिनेछ भने पार्टीको रणनीतिक लक्ष्य वैज्ञानिक समाजवाद राखिएको छ। राज्यसत्ता सञ्चालनमा आमजनताको संस्थागत सहभागिता र सरकारको काममा निगरानी गर्ने व्यवस्था सुनिश्चित गरिनेछ । जनअपेक्षा अनुरूप काम नगर्ने जनप्रतिनिधिलाई प्रत्याश्वान गर्ने व्यवस्था गरिनेछ ।

पहिलो चरणमा सामान्यतः तीनखम्बे अर्थतन्त्रका रूपमा सार्वजनिक क्षेत्र, सामूहिक वा सहकारी क्षेत्र र निजी क्षेत्रमा उद्योगधन्दा विकास गरिनेछ । सार्वजनिक क्षेत्रको क्रमशः विस्तार गर्दै लगिनेछ। वित्तीय एकाधिकार तथा दलाल पुँजीवादको शोषण र हस्तक्षेपबाट मुक्त एवं सार्वजनिक, सहकारी र निजी क्षेत्रको समन्वय, सहकार्य र गतिशील भूमिका सहितको समाजवादी अर्थतन्त्र निर्माण गरिनेछ ।

स्वदेशी कच्चापदार्थ र श्रमशक्ति प्रयोग हुने उद्योगधन्दाको व्यापक विस्तार र विकास गरी पर्याप्तमात्रामा रोजगारी सिर्जना गरिनेछ । देशको सम्पूर्ण श्रमसक्षम जनशक्तिलाई 'योग्यताअनुसारको काम र कामअनुसारको दाम' उपलब्ध गराउने गरी आर्थिक क्षेत्रको द्रुततर विकास गरिनेछ ।

**सार्वजनिक पद धारण गरेका व्यक्तिको सम्पत्ति छानबिन गर्ने प्रतिबद्धता**

नेपाली कम्युनिष्ट पार्टीले २३ बुँदे प्रतिबद्धतापत्र पनि सर्वसम्मत

बाँकी अन्तिम पेजमा

# सम्पादकीय ............

www.bhanjyangnews.com

## नेपालको पहिचान र सम्भावनाको मेरूदण्ड : पर्यटन

नेपालमा पर्यटन केवल सौन्दर्य अवलोकन वा मनोरञ्जनको साधन होइन, यो देशको इतिहास, संस्कृति, सभ्यता र प्रकृतिसँगको आत्मीय भेटघाट हो। नेपालजस्तो भौगोलिक, भाषिक, जातीय र सांस्कृतिक विविधताले भरिएको मुलुकमा पर्यटनलाई 'देश दर्शनको मूल कुञ्जी' मान्न सकिन्छ । तर, विडम्बना के छ भने, संसारकै अनुपम प्राकृतिक र सांस्कृतिक सम्पदाले भरिपूर्ण देश भएर पनि हामी त्यसलाई विश्व बजारमा प्रभावकारी ढंगले प्रस्तुत गर्न सकेका छैनौं । नेपालको पर्यटनको मेरूदण्ड नै प्राकृतिक र सांस्कृतिक सम्पदा हुन्। हिमालको गोदमा अवस्थित नेपालमा आठ हजार मिटरभन्दा माथिका आठ शिखर छन्– जसमा विश्वकै सर्वोच्च सगरमाथादेखि धौलागिरी, अन्नपूर्ण, कञ्चनजंघा, ल्होत्से जस्ता हिमाल पर्यटकहरूको आकर्षणको केन्द्र बनेका छन्। तराईका उर्वर मैदान, पहाडका हरियाली डाँडाकाँडा र हिमालका सेता शिखरहरूले नेपाललाई 'मिनि वर्ल्ड' बनाएका छन्। चितवन, बर्दिया, कोशी टप्पु, शे–फोक्सुण्डो, रारा, गोसाइँकुण्ड, कालीगण्डकी, त्रिशूली जस्ता प्राकृतिक स्थलहरु केवल पर्यटकीय सम्पदा होइनन्, यी नेपाली सांस्कृतिक आस्थासँग गहिरो रूपमा गाँसिएका छन् ।

नेपालमा सांस्कृतिक पर्यटनको सम्भावना पनि त्यत्तिकै विशाल छ । काठमाडौं उपत्यकाका सात यूनेस्को विश्व सम्पदा क्षेत्र, लुम्बिनीको शान्ति क्षेत्र, जनकपुरधाम, मुक्तिनाथ, पशुपतिनाथ, स्वयम्भू, गुह्येश्वरी र हलेसी महादेवजस्ता धार्मिक स्थलहरूले आस्था, दर्शन र पर्यटनलाई एउटै सूत्रमा बाँधेका छन्। यी सम्पदाले नेपाललाई विश्वका धार्मिक र सांस्कृतिक यात्रुहरूको प्रमुख गन्तव्य बनाउन सक्छन्। तर, त्यहाँ पुग्ने बाटोदेखि सूचना, प्रचार र पहुँचका पूर्वाधार अझै सन्तोषजनक छैनन् । पछिल्ला वर्षमा ग्रामीण, साहसिक, पर्यावरणीय (इको–टुरिज्म), स्वास्थ्य तथा सांस्कृतिक पर्यटनजस्ता नयाँ अवधारणाहरूको चर्चा बढ्दै गएको छ। तर, यी सम्भावनालाई नीति–स्तरमा रूपान्तरण गर्न राज्य गम्भीर छैन। अनियन्त्रित शहरीकरण, वातावरण प्रदूषण, ऐतिहासिक स्थलहरूको क्षति र संरक्षणमा कमजोरीले पर्यटनका मेरूदण्डीय स्रोतहरु नै कमजोर बनाइरहेका छन्।

नेपाललाई विश्वको आकर्षक, सुरक्षित र दिगो पर्यटकीय गन्तव्यका रूपमा स्थापित गर्न अब आक्रामक अभियान आवश्यक छ। पहिचान भएका गन्तव्यहरूको पूर्वाधार विकास, नयाँ पर्यटकीय स्थलहरूको पहिचान र प्रवर्द्धन, सडक, आवास, होमस्टे र स्वच्छ वातावरणको सुनिश्चितता– यी सबै अब प्राथमिकतामा पर्नुपर्छ। पर्यटन भनेको केवल होटल र गाइड व्यवसाय होइन; यो देशको सम्पूर्ण छवि र अर्थतन्त्रको आधार हो। पर्यटनसँग शिक्षा र अनुसन्धान पनि जोडिएका छन्। नेपालमा आउने धेरै विदेशी पर्यटक केवल घुम्न होइन, अध्ययन गर्न, संस्कृतिको अध्ययन, पर्यावरण र भूगोलको अनुसन्धानका लागि पनि आउँछन्। उनीहरु नेपाललाई "खुला विश्वविद्यालय" का रूपमा हेर्छन्, जहाँ प्रकृति, संस्कृति र मानवीय सहअस्तित्वको अध्ययन गर्न पाइन्छ। वास्तवमा, पर्यटन नै ज्ञान, खोज र अनुभवको माध्यम हो। यसले मानिसलाई पुस्तकभन्दा गहिरो शिक्षाको अनुभव दिन्छ– जीवन र जगत बुझ्ने दृष्टि प्रदान गर्छ ।

तर, यथार्थ यति सहज छैन। विश्वका कतिपय देशहरूले कृत्रिम सौन्दर्य निर्माण गरेर पर्यटक तानेका छन्, तर नेपालजस्तो स्वाभाविक सौन्दर्य र विविधता भएको देशमा पर्यटक आकर्षण अझै सीमित छ। यसको मूल कारण– रणनीतिक दृष्टिकोणको कमी, लगानीको न्यूनता र पूर्वाधारको अभाव हो। नेपालको पर्यटकीय सम्पदामा पर्याप्त लगानी नभएकोले संरक्षण र व्यवस्थापन चुनौती बनेको छ। अब नेपालमा पर्यटनलाई साँचो अर्थमा राष्ट्रिय अभियान बनाउन सरकार, निजी क्षेत्र र स्थानीय समुदायबीच समन्वय अपरिहार्य छ। निजी क्षेत्रको लगानी र व्यवस्थापन क्षमतालाई राज्यले सहयोगात्मक नीति मार्फत सघाउनुपर्छ। विशेष गरी ग्रामीण पर्यटन, कृषि पर्यटन, जलयात्रा, साहसिक पर्यटन र धार्मिक पर्यटनजस्ता क्षेत्रमा लगानी बढाउने हो भने पर्यटनले गाउँगाउँमा रोजगारी र आयका नयाँ स्रोत सिर्जना गर्न सक्छ ।

पर्यटनको विकासले केवल अर्थतन्त्र बलियो बनाउँदैन; यो राष्ट्रिय पहिचान र आत्मगौरवसँग पनि जोडिएको विषय हो। नेपाल बौद्ध धर्मका अनुयायीहरूका लागि लुम्बिनी, हिन्दू धर्मका भक्तका लागि पशुपतिनाथ, र प्रकृतिप्रेमीका लागि सगरमाथा र अन्नपूर्णको देश हो। त्यसैले नेपाललाई विश्वको साझा सांस्कृतिक तीर्थका रूपमा स्थापित गर्न सकिन्छ। आज संसारमा जब प्राकृतिक र सांस्कृतिक सम्पदा दुवै जोखिममा छन्, नेपालले आफ्ना यी दुई धरोहरको संरक्षण गरेर विश्वलाई दिगो पर्यटनको पाठ पढाउने अवसर पाएको छ। तर, त्यो अवसर गुम्ने खतरा पनि उत्तिकै छ– यदि हामीले अब तत्काल ध्यान नदिएमा । पर्यटन नेपालका लागि केवल आर्थिक माध्यम होइन, राष्ट्रिय पहिचान र सभ्यताको प्रतीक हो। त्यसैले पर्यटनलाई 'आर्थिक मेरूदण्ड' होइन, 'राष्ट्रिय गौरवको मेरूदण्ड' का रूपमा हेरिनुपर्छ। सरकारको प्राथमिकता योजनामा पर्यटनलाई विकासको केन्द्रमा राखी, स्थानीय तहसम्मको सहभागिता र अन्तर्राष्ट्रिय सहयोगमार्फत दिगो, समावेशी र आत्मनिर्भर पर्यटन नीति लागू गर्न जरूरी छ। नेपाललाई चिनाउने र नेपालीलाई गर्व दिलाउने सबैभन्दा प्रभावकारी बाटो पर्यटन हो– अब प्रश्न केवल यो हो, हामी त्यसको वास्तविक मूल्य कहिले बुझ्ने ?

# पार्टी एकता केका लागि ?

अहिले दशवटा पार्टीहरूले एकता गर्दै गर्दा, विगतमा भएका पार्टी एकता र ती पार्टीहरूबीच भएका विभाजन र फुटहरु आखिर केका लागि थिए होला ? यो प्रश्न अहिले पनि जनतामाझ अनुत्तरीत बनेको छ । हालको यो दश पार्टीहरूको एकताले क्षणिक रूपमा चुनावी फाइदा त अवश्य दिलाउन सक्छ, तर जनताले गरेको अपेक्षा भने पूरा हुनेछैन। देश र जनताको समस्या समाधानतर्फ ध्यान दिई सच्चा क्रान्तिकारी कम्युनिस्ट पार्टीको निर्माण आजको आवश्यकता बनेको छ।

कतिपय कम्युनिष्टहरु ओली, प्रचण्ड र माधव नेपाललाई छाडेर नयाँ पार्टी एकताको प्रयासमा छन्। तर प्रश्न उठ्छ– देशका जनताले के चाहन्छन् ? यसको उत्तर कसैसँग छैन ।

के नेपाली जनताले नेताहरूले जे निर्देशन गर्छन् त्यही मान्नुपर्ने हो?

हिजो "नौलो जनवाद"का नाममा जनयुद्ध सञ्चालन गरियो, जसमा १७ हजार होनहार नेपालीले बलिदान दिए। बुर्जुवा संरचना ध्वस्त पार्ने नाममा हजारौं युवाको भविष्यसँग खेलवाड गरियो, राष्ट्रको सम्पत्ति नष्ट गरियो। तर "नौलो जनवाद"को परिणाम के आयो ? ती नेताहरूले कम्युनिष्टको दोसाला ओढेर नेपाली कम्युनिष्ट आन्दोलनलाई क्रान्तिकारी धारबाट पतन गराउने भूमिका निभाए।

हिजो मदन भण्डारीको "जनताको बहुदलीय जनवाद" लाई संशोधनवाद भन्दै सराप्नेहरूले, सत्ताका लागि पछि त्यही सिद्धान्तमा विलय भए। अहिले उनीहरु फेरि माओवादीलाई तिलाञ्जली दिँदै समाजवादको वकालत गर्दैछन्– यो पनि चरम अवसरवाद हो। यदि "समाजवाद" भन्ने मात्रले समाजवादी बन्न सकिने हो भने देश आजसम्म समाजवादी भइसकेको हुन्थ्यो।

वि.सं. २०४६ को ऐतिहासिक जनआन्दोलनपछि देशमा पहिलो चुनावको तयारी हुँदै थियो। त्यो बेला जनताले आन्दोलन केका लागि गरेका थिए भन्ने बिर्सेर, नेताहरु भागबन्डामा रमाए। प्रतिगामी खतरा देख्दा देख्दै पनि उनीहरु सत्ताको लागि मात्रै चुनावमा केन्द्रित भए । त्यही बेला, २०४७ सालमा, नेपाल कम्युनिष्ट पार्टी (माले) र नेकपा (मार्क्सवादी) मिलेर एमाले बने। पार्टी एकता गलत होइन, तर कुन नियतले एकता भएको हो भन्ने कुरा मूल्याङ्कन हुनुपर्छ।

वि.सं. २०४८ मा कांग्रेस ठूलो पार्टीको रूपमा उदायो। २०५१ मा मध्यावधि निर्वाचन भयो र पहिलो पटक कम्युनिष्ट सबैभन्दा ठूलो राजनीतिक शक्तिका रूपमा देखापर्‍यो। मनमोहन अधिकारीको नेतृत्वमा अल्पमतको सरकार बन्यो। तर २०४७ मा एकता भएको पार्टीभित्र महाकाली सन्धि विवादले दरार ल्यायो। बामदेव गौतमले महाकाली सन्धिलाई राष्ट्रघात भन्दै २०५४ साल फागुन २१ गते अलगिए।

परिणामस्वरूप, २०५६ सालको आम निर्वाचनमा एमाले दोस्रो दलमा झर्‍यो। त्यसपछि २०६९ साल मंसिर ७ गते उपाध्यक्ष अशोक राईले पनि पार्टी विभाजन गरे। पार्टीले गलत कार्यदिशा लिँदा विभाजन अनिवार्य बन्छ र शक्ति क्षीण हुन्छ।

त्यसै गरी, २०७८ साल भदौ २ गते वरिष्ठ नेता माधवकुमार नेपाल अलग भए। उनीहरूले केपी ओलीमा देखिएको स्वेच्छाचारिता र कार्यशैलीगत मतभेदको विरोध गर्दै अलग्गिए। विगतमा ओलीको अहंकारका कारण देश प्रतिगामी र विदेशी प्रभावमा परेको कुरा जनताले देखिसकेका छन्। २०७५ साल जेठ ३ गते नेकपा एमाले र माओवादी केन्द्रबीच पार्टी एकता भयो। "मदन–आश्रित स्मृति दिवस" को अवसर पारेर भएको त्यो एकताले "नेपाल कम्युनिष्ट पार्टी (नेकपा)" निर्माण गर्‍यो। इतिहासमै पहिलोपटक एउटै पार्टीमा दुई अध्यक्षको व्यवस्था भयो– यही व्यवहारले फुटको संकेत पहिले नै दिएको थियो।

एकता पछि भएको निर्वाचनमा पार्टीले दुईतिहाइ मत प्राप्त गर्‍यो, र नेपाल एसियामा चीन र भियतनामपछि तेस्रो ठूलो कम्युनिष्ट शक्ति बन्न पुग्यो। तर त्यो उपलब्धि उनीहरूलाई पचेन्– दुई वर्ष, नौ महिना र २० दिनपछि पार्टी टुक्रियो। माधव नेपाल फेरि छुट्टै पार्टी बनाए।

जसले समाजवाद र नौलो जनवादका कुरा गर्छन्, उनीहरु चाहेको भए संसद्मार्फत पनि जनताको पक्षमा ठूला परिवर्तन ल्याउन सक्थे। संघीयता र अन्य नीति सुधार गर्न सक्थे। तर दुईतिहाइको सरकार हुँदाहुँदै पनि उनीहरु आपसमा लडे र आफ्नै सरकार ढालेर देशलाई अस्थिरतामा फ्याँके। यसबाट स्पष्ट हुन्छ– ती एकता सत्ताका लागि मात्र भएका थिए। व्यक्तिगत स्वार्थ, गुटगत लाभ र आफ्ना निकटहरूलाई सन्तुष्ट पार्नकै लागि देशलाई नर्क बनाइयो। सैद्धान्तिक दृष्टिले पनि, एमालेसँगको एकता अवधिमा "जनताको बहुदलीय जनवाद" मान्ने र "माओवाद"लाई परिमार्जन गर्ने सम्झौता लेखिएको थियो।

आज देश र जनताको हितका लागि साँचो राष्ट्रिय राजनीतिक पार्टीको आवश्यकता छ। राष्ट्रियता धरापमा परेको छ, युवा विदेशका गल्लीमा श्रम बेच्दै भौँतारिरहेका छन्। देशमा दर्जनौँ पार्टी, हजारौँ नेता र लाखौँ कार्यकर्ता छन्, तर समाज र राजनीति विभाजित छ।

अब प्रश्न उठ्छ– हाम्रो देशको राजनीतिक आन्दोलनले वास्तवमा कसको प्रतिनिधित्व गरिरहेको छ ?

धेरै पार्टीहरूको चरित्र दोधारमा छ– उनीहरूकै कारण जनता भ्रमित छन्। आफूलाई विश्व कम्युनिष्ट आन्दोलनका नेता बताउनेहरूको चरित्र आम जनताले बुझ्न सक्ने अवस्था छैन। कम्युनिष्ट पार्टी विश्वकै एक मात्र विश्वासिलो राजनीतिक शक्ति हुनुपर्थ्यो, किनभने यसको लक्ष्य समानतामूलक समाज निर्माण हो– श्रमजीवी वर्गको प्रतिनिधित्व गर्ने पार्टी हो।



> कम्युनिष्ट आन्दोलन कुनै बाह्य शत्रुले होइन, आफ्नै पार्टीभित्र पसेका अवसरवादीहरुले कमजोर बनाएका हुन्। विगतका गल्तीहरु सच्चाएर अब एक सशक्त, सच्चा, क्रान्तिकारी कम्युनिष्ट पार्टीको निर्माण देशको अनिवार्य आवश्यकता बनेको छ- चुनावी फाइदाका लागि होइन, विश्व कम्युनिष्ट आन्दोलनको रक्षा र जनताको मुक्ति लागि । आज देशलाई सच्चा कम्युनिष्टहरुको आवश्यकता छ ।

सुरेशकुमार पाण्डे

तर आजको पुँजिवादी समाजले उत्पादनका स्रोतलाई पूँजीकृत गरिदिएको छ। उत्पादनका औजार मजदूरको हातमा छैनन्, त्यसैले मजदूरहरु पूँजिपतिको दयामा निर्भर छन्। मजदूर र मालिकबीचको यो असमानतालाई अन्त्य गर्ने एक मात्र वैचारिक शक्ति भनेकै कम्युनिष्ट विचारधारा हो– जसको रूपरेखा कार्ल मार्क्स र फ्रेडरिक एंगेल्सले सन् १८४८ मा तयार पारेका थिए। तर भनिन्छ– "तरवार गलत हातमा पर्‍यो भने सच्चा मानिसको सिर कलम हुन्छ र सही हातमा पर्‍यो भने गलतको सिर काटिन्छ ।" त्यो उक्ति आज पनि लागू हुन्छ।

कम्युनिष्ट आन्दोलन कुनै बाह्य शत्रुले होइन, आफ्नै पार्टीभित्र पसेका अवसरवादीहरूले कमजोर बनाएका हुन्। विगतका गल्तीहरु सच्चाएर अब एक सशक्त, सच्चा, क्रान्तिकारी कम्युनिष्ट पार्टीको निर्माण देशको अनिवार्य आवश्यकता बनेको छ– चुनावी फाइदाका लागि होइन, विश्व कम्युनिष्ट आन्दोलनको रक्षा र जनताको मुक्ति लागि । आज देशलाई सच्चा कम्युनिष्टहरूको आवश्यकता छ ।

उपभोक्ताहरूले खाद्य वस्तु खरिद गर्दा खाद्य पदार्थको बाहिरी आवारणको लेवलमा खुलाउनु पर्ने अनिवार्य मापदण्ड (उत्पादन मिति, उपभोग्य मिति, ब्याच नम्बर, तौल/आयतन, उद्योगको पुरा नाम ठेगाना) हेरेर मात्र खरिद गरौं ।

## तपाईको आज

| | | |
|---|---|---|
| **मेष** | **वृष** | **मिथुन** |
| नयाँ योजनामा आत्मविश्वास बढ्नेछ। साथीभाइको सहयोगले अडिएको काम बन्ने सम्भावना छ। | बौद्धिक क्षेत्रमा प्रगति हुनेछ। परिवारभित्र सानातिना कुरामा विवाद हुनसक्ने भएकाले धैर्य अपनाउनुहोस्। | मानसिक तनाव घट्नेछ। जागिरे वर्गका लागि अनुकूल समय छ। पुरानो कामको परिणामले खुशी दिनेछ। |
| **कर्कट** | **सिंह** | **कन्य** |
| पारिवारिक विषयमा संवेदनशील बन्ने समय छ। धन संकलनमा ध्यान दिनुहोस्, अनावश्यक खर्च हुनसक्छ। | आत्मबल उच्च रहनेछ। सामाजिक प्रतिष्ठा बढ्ने सम्भावना छ। मिहिनेतको फल हात पार्न सकिनेछ। | आर्थिक लाभको सम्भावना छ तर भाग्यको साथ कम हुने समय भएकाले मिहिनेत बढाउनुहोस्। |
| **तुला** | **वृश्चिक** | **धनु** |
| नयाँ योजना र सम्झौता लाभदायी बन्न सक्छ। आत्मबल बढ्नेछ र समाजमा मान्यता प्राप्त हुने सम्भावना छ। | अरुको प्रभावमा नपरी निर्णय लिनुहोस्। कार्यक्षेत्रमा जिम्मेवारी बढ्न सक्छ। गोपनीयता कायम राख्नु आवश्यक छ। | आजको दिन सफलता र सम्मान प्राप्तिको लागि अनुकूल छ। नयाँ काम सुरु गर्न शुभ समय छ। |
| **मकर** | **कुम्भ** | **मीन** |
| पारिवारिक जिम्मेवारी पूरा गर्न समय खर्च हुनेछ। आर्थिक लाभका नयाँ स्रोत फेला पर्न सक्छन्। | आत्मविश्वास बढ्नेछ, तर हतारमा निर्णय गर्दा नोक्सानी हुन सक्छ। वैदेशिक क्षेत्र वा अध्ययनमा रूचि बढ्नेछ। | पुरानो मित्रसँग भेटघाट हुनसक्छ। स्वास्थ्यमा सुधार आउनेछ। अध्यात्म र सृजनात्मक कार्यमा मन जानेछ। |

# न्युयोर्कमा ऐतिहासिक विजय : वामपन्थी जोहरान ममदानी मेयर निर्वाचित, डेमोक्रेटहरूको मनोबल उकासियो

रासस/एएफपी/न्युयोर्क

अमेरिकाको राजनीतिक केन्द्र मानिने न्युयोर्क सहरमा मंगलबार भएको निर्वाचनमा युवा वामपन्थी नेता जोहरान ममदानीले मेयर पदमा ऐतिहासिक विजय हासिल गर्नुभएको छ । यो परिणामले न्युयोर्कको राजनीतिक दिशा परिवर्तन गरेको मात्र नभई सन् २०२६ को मध्यावधि निर्वाचनअघि राष्ट्रपति डोनाल्ड ट्रम्पका लागि प्रारम्भिक चेतावनीको रूपमा समेत देखिएको छ। ममदानीको यो विजयी परिणामसँगै डेमोक्रेटिक पार्टीले भर्जिनिया र न्युजर्सीको गभर्नर चुनावमा पनि उल्लेखनीय सफलता हात पारेको छ । यी परिणामहरूले ह्वाइट हाउसमा ट्रम्पको पुनरागमनपछि कमजोर भएको डेमोक्रेटहरूको मनोबल पुनः उच्च बनाएको छ भने रिपब्लिकनहरूमा भने चिन्ताको घण्टी बजाएको छ । व्यापारिक अभिजात वर्ग, रूढिवादी मिडिया र ट्रम्प आफैँले पनि उहाँको नीति र मुस्लिम पृष्ठभूमिमाथि तीव्र प्रहार गर्दै आउनुभएको थियो । तथापि, ती सबै आलोचनाबीच ममदानीको विजयले समावेशी र प्रगतिशील राजनीतिक शक्तिको उदयको संकेत गरेको छ ।

"यदि कुनै स्थानले डोनाल्ड ट्रम्पद्वारा विभाजित राष्ट्रलाई कसरी पुनः एकीकृत गर्ने भनेर देखाउन सक्छ भने, त्यो स्थान यही सहर हो-जसले उहाँलाई जन्म दियो", ममदानीले विजय भाषणमा समर्थकहरूलाई सम्बोधन गर्दै भन्नुभयो, "राजनीतिक अन्धकारको यस घडीमा न्युयोर्क उज्यालो बन्नेछ।" भर्जिनिया र न्युजर्सीमा डेमोक्रेटहरूको गभर्नर पदमा जितले देशको राजनीतिक मुडमा परिवर्तन आएको संकेत गरेको छ। यसैबीच, क्यालिफोर्नियामा मतदाताहरूले ट्रम्प समर्थित जेरीम्यान्डरिङ (निरन्तर निर्वाचन क्षेत्र पुनःसंरचना) रोक्ने प्रस्ताव पारित गर्दै चुनावी निष्पक्षतामा जोड दिएका छन्।



अर्कोतर्फ, ट्रम्पले भने परिणामको जिम्मेवारी लिन अस्वीकार गर्दै आफ्नै 'ट्रुथ सोसल' प्लेटफर्ममा अज्ञात पोलस्टरहरु उद्धृत गर्दै रिपब्लिकन पराजयको कारण सरकार बन्द हुनु र मतपत्रमा आफ्नो नाम नहुनु रहेको दाबी गर्नुभएको छ । सदनका डेमोक्रेटिक नेता हकीम जेफ्रीजले 'डेमोक्रेटहरूले डोनाल्ड ट्रम्प र उहाँका चरमपन्थी सहयोगीहरूलाई देशभर परास्त गरिरहेका छन्' भनी एक्समा लेख्दै पार्टीको पुनरूत्थान भएको घोषणा गर्नुभयो।

न्युयोर्कको क्विन्स जिल्लाका सांसदसमेत रहेका ममदानीले बढ्दो जीवनयापन लागत, सार्वजनिक यातायात, बाल हेरचाह सुविधा र सहरद्वारा सञ्चालित किराना पसलहरु जस्ता ठोस मुद्दामा जनतालाई आकर्षित गर्नुभएको थियो । उहाँको सरल व्यक्तिगत शैली, सामाजिक सञ्जालमार्फतको सक्रियता र जनस्तरमा प्रत्यक्ष अभियानले व्यापक जनसमर्थन दिलायो । "अर्को र अन्तिम गन्तव्य सिटी हल हो", ममदानीले विजयी घोषणा पछि एक्समा पोस्ट गरिएको भिडियो सन्देशमा भन्नुभयो।

स्व-वर्णित समाजवादी ममदानी पहिले लगभग अपरिचित हुनुहुन्थ्यो, तर पूर्व गभर्नर एन्डड्रयु कुओमोमाथि डेमोक्रेटिक मनोनयनमा जित हासिल गरेपछि उहाँ चर्चामा आउनुभयो । मङ्गलबारको मुख्य चुनावमा पनि उहाँले कुओमो र रिपब्लिकन उम्मेदवार कर्टिस स्लिवा दुवैलाई पराजित गर्नुभयो। स्लिवा गार्जियन एन्जल्स नागरिक अपराध गस्ती समूहका संस्थापक हुनुहुन्छ। ट्रम्पले चुनावको अन्तिम घडीमा ममदानीलाई 'यहुदी विरोधी' भन्दै व्यक्तिगत आक्रमण गर्नुभएको थियो, तर त्यो आरोप जनतामाझ प्रभावहीन रह्यो । त्यसैबीच, प्रमुख व्यापारी बिल एकम्यानसहितका आर्थिक वृतका ठूला व्यक्तिहरूले ममदानीका विपक्षीहरूलाई आर्थिक सहयोग गरे पनि परिणाम बदल्न सकेनन्। यस वर्षको निर्वाचनमा करिब १४ लाख ५० हजार मतदाताले मतदान गरेका थिए । यो सन् २०२१ को मतसंख्याभन्दा धेरै थियो ।

राजनीतिक विश्लेषकहरुका अनुसार ममदानीको यो अप्रत्याशित उत्थानले डेमोक्रेटिक पार्टीभित्र मध्यमार्गी र वामपन्थी धारबीचको बहसलाई अझ प्रज्वलित गर्नेछ । सिराक्युज विश्वविद्यालयका राजनीतिविज्ञ प्रोफेसर ग्रान्ट रीहरले भन्नुभयो, "न्युयोर्क जस्तो सहरमा शासन गर्नु आफैँमा चुनौती हो, जहाँ हरेक पक्षले आफ्नो धारिलो चक्कु निकालिसकेको छ।"

कुओमोको निर्वाचन पार्टीमा निराशाको वातावरण थियो । केही समर्थकले ट्रम्पले अब सहरमा नेशनल गार्ड पठाउने सम्भावना व्यक्त गरे भने अरूले दक्षिणपन्थी मत विभाजनका लागि स्लिवालाई दोष दिए । न्युजर्सीमा डेमोक्रेट उम्मेदवार मिकी सेरिलले ट्रम्प समर्थित व्यापारीलाई पराजित गर्नुभयो भने भर्जिनियामा एबिगेल स्प्यानबर्गरले गभर्नर पद पुनः डेमोक्रेटहरूको कब्जामा ल्याउन सफल हुनुभयो। पूर्वराष्ट्रपति बाराक ओबामाले यी दुवै उम्मेदवारलाई समर्थन गर्नुभएको थियो। जीतपछि ओबामाले भन्नुभयो, "हामीसँग अझ धेरै काम बाँकी छ, तर भविष्य अहिले अलि उज्यालो देखिन थालेको छ ।"

## शुक्लागण्डकी नगरपालिका घरनक्शा शाखाको लागि सधियाराका नाममा जारी गरिएको सूचना

गण्डकी प्रदेश तनहुँ जिल्ला शुक्लागण्डकी नगरपालिकाको तपसिलमा उल्लेखित व्यक्तिको आफ्नो नाउँमा दर्ता भएको कित्तामा तपसिलमा उल्लेखित विवरण अनुसारको नयाँ घर निर्माणको लागि यस कार्यालयमा नक्सा पेश भई १५ दिने सन्धि सर्पनको सूचना समेत जारी भई फिल्ड सर्जमिनको लागि जाँदा तल उल्लेखित विवरण अनुसारको तपाई उपस्थित नभएकाले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र जग्गामा हकभोग पुग्ने आवश्यक सबुद प्रमाण सहित आफ्नो दाबी खुलेको उजुरी निवेदन यस कार्यालयमा दिनुहोला । अन्यथा नियम अनुसार गरिनेछ भनी पुनः यो सूचना जारी गरिएको छ । म्याद नाघी आएको उजुरीमा कुनै कारवाही हुने छैन ।

**तपसिल**

| सि. नं. | नक्शा दरखास्तवालाको नाम ठेगाना | जग्गाको विवरण | १५ दिने सूचना मिति | घरको किसिम | उपस्थित नहुने सधियारको नाम |
|---|---|---|---|---|---|
| १ | मुक्ति तिम्ला (शुक्लागण्डकी-३, तनहुँ) विनोद तिम्ला (दुलेगौंडा-७, तनहुँ) | साविक उदेनढुंगा-०१/च, तनहुँ (हाल : शुक्लागण्डकी-३, तनहुँ), कित्ता नं. ३४४० (०-३-३-२), ३४४१ (०-०-३-२) | २०८२/०७/१९ | RCC | पूर्व तर्फ कित्ता नं. ८२४, ८३० |

## व्यास नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
दमौली तनहुं । गण्डकी प्रदेश

## नगर लोककल्याणकारी सन्देश

मिति २०८२ कार्तिक १६ गते व्यास नगर कार्यपालिकाको २२५औं बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेको अध्यक्षतामा सम्पन्न भयो । उक्त बैठकमा उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्षहरू र प्रतिनिधिहरू, कार्यपालिका सदस्यहरूको उपस्थितिमा मुख्यमुख्य निम्न निर्णयहरू भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो विज्ञप्ति प्रकाशित गरिएको छ।

१. व्यास नगर कार्यपालिकाको मिति २०८२/६/२२ गते भएको २२४औं बैठकको समीक्षा गरियो ।
२. आ.व. २०८२/०८३ को हालसम्मको सेवा प्रवाहसम्बन्धी प्रस्तुत प्रतिवेदन संशोधन सहित पारित गरियोः।
३. व्यास नगरपालिका अनुगमन समितिबाट यसै आर्थिक वर्षमा सम्पन्न, चालु र नयाँ प्रारम्भ गर्नुपर्ने ७ वटा योजनाहरूको अनुगमन गरिएको प्रतिवेदन बैठकमा पेश हुँदा सुझाव सहित पारित गर्ने निर्णय गरियो ।
४. व्यास नगर न्यायिक समितिमा अघिल्लो वर्षमा जिम्मेवारी सरिआपको २८, यसै आर्थिक वर्षमा पर्न आपका १६ उजुरीहरू समेत जम्मा ४४ मध्ये २२ वटा उजुरी फछ्यौट गरिएको बैठकमा प्रतिवेदन पेश भई पारित गरियो।
५. व्यास नगरपालिकाबाट यसअघि २ पटकसम्म भएको मादी नदी, सेती नदीतर्फको ढुङ्गा, गिटी, बालुवामा ठेक्का पर्न नआएकाले गण्डकी प्रदेश ऐन अनुसार यसअधिको ठेक्का रकममा १० प्रतिशत घटाई टेण्डर प्रकृया अघि बढाउन राजश्व परामर्श समितिको सिफारिसलाई अनुमोदन गर्ने निर्णय गरियो ।
६. व्यास नगरपालिकाबाट यसअघि टेण्डर गरिएका रिस्ती आयुर्वेद योगा भवन व्यास-८. बेलटारी सामुदायिक भवन निर्माण व्यास-११. खहरे खोला वडा कार्यालय वस्ती संरक्षण व्यास ८, करंकाठ बसपार्क सञ्चालन तथा व्यावस्थापन गर्ने सम्बन्धी नियमानुसार पर्न आएका ठेक्का स्वीकृत गर्ने निर्णय गरियो ।
७. व्यास नगरपालिकाको सञ्चित कोष रू. ४,५८,५५,६५५/५२, संघ तथा प्रदेशबाट रू. २८,३९,७७,९२२/- र आन्तरिक आयमा रू. ३,५३,४३,१४४/६२ समेत जम्मा आय रू. ३६,५९,७६,७२२/१४ भयकोमा हालसम्म चालुतर्फ २१.९६ प्रतिशत र पूँजीगततर्फ ६५ प्रतिशत खर्च भएको बैठकमा प्रतिवेदन पेश भई जानकारी प्राप्त गरियो ।
८. निर्माण सम्पन्न भएका वडा नं.८ को कार्यालय भवन, व्यास १० स्थित व्यास नगर अस्पताल भवन, व्यास-१ र २ जोड्ने बसपार्क आउने मोटर पुलको सञ्चालन एवं उफाटन प्रकिया सम्बन्धित समिति र सम्बन्धित वडासँग समन्वय गरी अधि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।
९. आ.व. २०८२/०८३ को प्रथम सार्वजनिक सुनुवाई व्यास नगरपालिकाको कार्यालय प्राङ्गणमा मिति २०८२/८/५ गते शुक्रवार ठिक ११.३० बजे तेस्रोपक्षबाट गर्ने गरी आवश्यक व्यवस्था मिलाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो
१०. हालसालै भएको वर्षाबाट व्यास नगर भित्रको धानवाली लगायतमा नोक्सान भएको गुनासो आएकोले तत्काल सात दिनभित्र क्षतिको विवरण सम्बन्धित वडा मार्फत संकलन गर्न कृषि, पशु तथा सहकारी विकास शाखालाई निर्देशन दिने निर्णय गरियो ।
१९. व्यास नगर अन्तर्गत दोस्रो मेयरकप वडास्तरीय पुरूष भलिवल प्रतियोगिता २०८२ कार्तिक २८ र २९ गते सञ्चालन गर्ने गरी आवश्यक व्यवस्था मिलाउन नगर खेलकुद समितिलाई निर्देशन दिने निर्णय गरियो ।
१२. व्यास नगरपालिका अन्तर्गतका संगठन संरचनामा रहेका अस्थायी, करार कर्मचारीको दरबन्दी र मितव्ययीता सम्बन्धमा अध्ययन समितिले तयार गरेको प्रतिवेदन सुशासन समितिमार्फत पेश भई बैठकमा व्यापक छलफल गरियो। हालका जनप्रतिनिधि आउनुअघि नै नियुक्त भएका लामो समयसम्म कार्यरत कर्मचारीहरू कार्यरत रहेको अवस्थामा विद्यमान सरकारको निर्देशनलाई मध्यनजर दिई अब आइन्दा दरबन्दी सृजना नगर्ने, रिक्त स्वीकृत दरवन्दीमा प्रदेश लोकसेवा आयोगसँग माग गर्ने र अत्यावश्यक सेवा सञ्चालन गर्न आवश्यक कानून बमोजिम संगठन संरचना सम्बन्धी सर्वेक्षण प्रतिवेदन २०८२ मार्ग भित्र पेश गर्न कार्यालयलाई निर्देशन दिने र आगामी नगर सभाबाट आवश्यक निर्णय लिने निर्णग गरियो ।

# फूलखेतीमै रमाएका ...

दसैं, तिहारको अवधिमा मात्रै रू एक लाख ५० हजार आम्दानी गर्नुभयो ।

कालीगण्डकी-२ कि पुष्पा सिञ्जाली राना, वडा नं ५ का रविलाल गौडेल, वडा नं ६ का युवराज अधिकारी र वडा नं ७ का घनबहादुर थापाले दसैं, तिहारको अवधिमा रू एक लाख ५० हजारभन्दा बढी आम्दानी गर्नुभएको कृषि अधिकृत पौडेलले जानकारी दिनुभयो । गत असारमा शिक्षण पेशाबाट अवकास लिनुभएका स्याङ्जाको चापाकोट नगरपालिका-१ बेलडाँडाका तुल्सीराम भण्डारीले फुर्सदको समयलाई फूलखेतीमा लगाएर वर्सेनि मनग्य आम्दानी गर्दै आउनुभएको छ ।

भण्डारीले महान् चाडहरु दसैं, तिहार, छठ पर्वलगायतका धार्मिक कार्यहरूलाई लक्षित गरी दुई चरणमा फूलका बिरूवा रोप्नुभएको थियो । दसैं, तिहारलाई लक्षित गरी तीन रोपनी क्षेत्रफलमा र मङ्सिरपछि उत्पादन हुने गरी थप दुई रोपनी क्षेत्रफलमा फूलखेती गरेको उहाँले बताउनुभयो । "शिक्षण पेसामा रहँदै गर्दा पनि बिहान-बेलुकाको समयमा थोरै मात्रामा फूल खेती गरेको थिएँ", उहाँले भन्नुभयो, "फूलखेतीबाट राम्रै आम्दानी हुने देखेपछि अहिले त झन पूरै समय फुर्सद भएकाले व्यावसायिकरूपमा फूल खेती थालेको हुँ ।"

बाँदरले अन्नबाली नष्ट गरिदिएपछि अन्नबालीको विकल्पका रूपमा सयपत्री फूलखेती थालेको उहाँले बताउनुभयो । अन्नबालीको विकल्पमा फूलखेतीको व्यावसायिक उत्पादन गर्नुभएका भण्डारीले माग अनुसार फूल पुऱ्याउन नसकेको बताउनुभयो । "सयपत्री फूल तथा मालाको माग अत्याधिक भएको छ", उहाँले भन्नुभयो, "माग भएबमोजिम उपलब्ध गराउन सकिएको छैन ।"

यहाँ उत्पादन भएको फूल बुटवल, नारायगढ, बर्दघाट, पोखरालगायत स्थानीय बजारमा सजिलै बिक्री हुने गरेको छ । उहाँले 'कर्मा ५५५ मेरीगोल्ड' जातको फूल लगाउनुभएको हो । उहाँले गर्नुभएको व्यावसायिक फूलखेतीमा पत्नी सरस्वती भण्डारी, छोराहरु बासु र रामचन्द्रले पनि साथ दिनुभएको छ । यहाँ उत्पादन भएको फूलको बजारीकरणका लागि माग भई आएका ठाउँमा आफैँ पुऱ्याउने वा गाडीमार्फत पठाइदिने काम छोराहरूले गर्दै आएका उहाँले बताउनुभयो ।

उहाँले फूलका थुङ्गा होलसेलमा प्रतिकेजी रू ३००, फुटकरमा प्रतिकेजी रू ४०० देखि रू ४५० र माला प्रतिगोटा रू ९० सम्म बिक्री गर्दै आउनुभएको छ । ग्राहकको मागका आधारमा माला वा फूलका थुङ्गा दुवै बिक्री गर्ने गरेको उहाँले बताउनुभयो । अहिलेसम्म झण्डै रू छ लाखको फूल तथा माला बिक्री भइसकेको छ । तिहारपछि पनि बुटवल तथा स्थानीय बजारहरूबाट फूल तथा मालाको माग आइसकेको उहाँले बताउनुभयो । "असारमा लगाएको बेर्नाले दसैंदेखि उत्पादन दिन थालेको हो" उहाँले भन्नुभयो, "दोस्रो चरणमा लगाएको फूलको उत्पादन मंसिरसम्म लिन सकिन्छ।"

गत वर्ष एकै याममा फूल तथा माला बिक्रीबाट रू पाँच लाखभन्दा बढी आम्दानी गर्नुभएका उहाँले यस वर्ष रू १० लाख बढी आम्दानी हुने बताउनुभयो। साठी वर्षीय भण्डारीले दसैं, तिहारको अवधिमा मात्रै माला बिक्रीबाट रू दुई लाख ५६ हजार १६० आम्दानी गर्नुभयो। फूलका थुङ्गा बिक्रीबाट रू चार लाख सात हजार ५० आम्दानी गर्नुभएको हो । उहाँले सयपत्री फूलका बिरूवा/बेर्ना बिक्रीबाट पनि रू ५३ हजार आम्दानी भएको जानकारी दिनुभयो । बजारको माग र उत्पादन पनि सोही अनुसार हुँदा यसपालि राम्रो आम्दानी भएको उहाँ बताउनुहुन्छ । भण्डारीले विगत चार वर्षदेखि फूलखेती गर्दै आउनुभएको छ ।

शिक्षकका रूपमा गाउँकै विद्यालयमा कार्यरत रहँदा नै फुर्सदको समयमा व्यावसायिक बन्दै आत्मनिर्भर बन्ने प्रयास गर्नुभएका भण्डारीले गाउँमै तीन रोपनी जग्गामा फूलखेती गर्नुभएको हो । बाँझो जमिनको सदुपयोग गर्दै आगामी दिनमा फूलखेतीका लागि थप क्षेत्रफल बढाउने योजनामा उहाँ हुनुहुन्छ ।


वालिङ-१४ भङ्गेनीका युवा कृषक प्रकाश डुम्रेले पनि विगत आठ वर्षदेखि व्यावसायिक रूपमा फूलखेती गर्दै आउनुभएको छ । उहाँले वालिङ बजार नजिकै तीन रोपनी जग्गा भाडामा लिएर व्यावसायिक रूपमा सयपत्री फूलखेती गर्दै आउनुभएको छ । दसैं, तिहारजस्ता चाडपर्व लक्षित विवाह, ब्रतबन्धजस्ता धार्मिक, सांस्कृतिक तथा विशेष मेला महोत्सवहरूमा उहाँले फूल तथा माला बिक्री गर्दै आउनुभएको छ । फूलका थुङ्गा प्रतिकेजी रू ३५० देखि ४०० र प्रतिमाला रू १२० का दरले बिक्री गर्नुभएका डुम्रेले बर्सेनि राम्रो कमाइ गर्दै आउनुभएको छ ।

स्थानीय व्यापारी तथा व्यक्तिहरूले पनि फोन सम्पर्क गरी माला तथा फूलको माग गर्ने भएकाले बिक्रीका लागि बजारको समस्या नभएको उहाँ बताउनुहुन्छ । गत आर्थिक वर्ष २०७५/७६ मा वालिङ नगरपालिकाबाट रू एक लाख अनुदानसमेत उहाँले प्राप्त गर्नुभएको थियो। नगद अनुदानभन्दा पनि गुणस्तरीय बीउबिजन तथा उपकरणहरु दिएमा आफूजस्ता किसानलाई थप प्रोत्साहन मिल्ने उहाँको भनाइ छ । जिल्लामा फूल उत्पादनको परिणामका बारेमा कृषि ज्ञान केन्द्रमा यकिन तथ्याङ्क छैन । फूल उत्पादन गर्ने व्यवसायीहरूको समूह बनाउने तयारीमा कृषि ज्ञान केन्द्र रहेकाले अबका दिनमा मात्रै जिल्लामा फूलको उत्पादन, आयात, निर्यात तथा कारोबारका बारेमा विवरण आउने कार्यालयका सूचना अधिकारी विकास विकले जानकारी दिनुभयो । रासस


## मिर्लुङ पोलिक्लिनिक प्रा.लि.
व्यास नगरपालिका-२, दमौली तनहुँ
फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८

### सम्बन्धित विरामीले विशेषज्ञ चिकित्सकद्वारा उपचार सेवा लिनुहोस

कातिक २२ गते शनिबार



प्रोफेसर डा. जय बहादुर खत्री
वरिष्ठ स्नायु, मानसिक, नशा तथा लागुऔषध रोग विशेषज्ञ
(Manipal Teaching Hospital, Pokhara)

स्वास्थ्य परीक्षण तथा उपचार गरिने प्रमुख रोगहरु र लक्षणहरुः

१. मानसिक स्वास्थ्य सम्बन्धी समस्या:
- अत्यधिक तनाव, चिन्ता वा डर लाग्ने समस्या
- निद्रा नलाग्ने, बारम्बार झस्किने
- डिप्रेसन (अवसाद), एक्लोपन, निराशा
- अत्यधिक रिस उठ्ने वा आफैंलाई क्षति पुऱ्याउने सोच

२. स्नायु (Neurology) सम्बन्धी समस्या:
- झट्का लाग्ने (Epilepsy/Seizures)
- हातखुट्टा कमजोर वा चल्न नसक्ने
- मस्तिष्क पक्षघात (Stroke)
- स्मरण शक्ति गुम्ने, बोली गडबड हुने
- पार्किन्सन, टाउको दुखाइ, चक्कर आदि

३. नशा र लागुऔषध दुर्व्यसन सम्बन्धी समस्या:
- मदिरा, चुरोट, गाँजा, ब्राउन सुगर, ट्याब्लेट आदिको लत
- नशा नपाउँदा बेचैनी, कम्पन, पसीना आउने
- नशा छोड्न कठिनाइ, बारम्बार प्रयत्न असफल हुने
- पुनःस्थापना र मनो-सामाजिक परामर्श आवश्यक पर्ने अवस्था
- समयमै जाँच गरौं, स्वस्थ मानसिकता र जीवनशैली अपनाऔं।
- शरीरको मात्र होइन, मनको पनि उपचार आवश्यक छ।

हाम्रा उपलब्ध सेवाहरू :

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा ।

जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९




**तनहुँ जलविद्युत आयोजनाको मुख्य बाँध** : तनहुँको ऋषिङ गाउँपालिका-१ झापुटारमा निर्माणाधीन १४० मेगावाट क्षमताको तनहुँ जलविद्युत आयोजनाको निर्माणाधिन मुख्य बाँध । परम्परागत जलाशययुक्त प्रणालीमा आधारित यो आयोजना नेपालको जलविद्युत इतिहासमै पहिलो कङ्क्रिट गुरूत्व बाँधयुक्त रहेको आयोजनाले जनाएको छ । यस आयोजनाको मुख्य बाँध एक सय ४० मिटर अग्लो हुनेछ । *तस्विर : भञ्ज्याङ*

# शुक्लागण्डकीमा गत वर्षका कामको समीक्षा

भञ्ज्याङ समाचारदाता/दुलेगौंडा

तनहुँको शुक्लागण्डकी नगरपालिकाले गत आर्थिक वर्षमा सञ्चालन गरेका कार्यक्रम, योजना तथा अंगीकार गरेका नीतिको समीक्षा गरेको छ । नगरपालिकाले सञ्चालन गरेका योजनाले पारेको प्रभाव र सम्पन्न गर्न नसकिएका कार्यक्रमहरुको वास्तविकता सार्वजनिक गर्न समीक्षा कार्यक्रम आयोजना गरिएको नगर सूचना अधिकारी अनिल खनालले जानकारी दिए ।

आर्थिक वर्ष २०८१/०८२ मा नगरपालिकाका विभिन्न शाखा र वडाले सञ्चालन गरेका कार्यक्रमहरुको अवस्थाबारे सम्बन्धित शाखा प्रमुख र वडा सचिवहरूले प्रगति विवरण प्रस्तुत गरेका थिए। उनीहरूले वार्षिक कार्यक्रम सञ्चालन गर्दा प्राप्त उपलब्धि, सामना गरेका समस्या र चुनौतीबारे जानकारी दिएका थिए।

नगरका शाखा प्रमुख र वडा सचिवहरूको प्रस्तुति सुनेपछि नगर प्रमुख कृष्णराज पण्डितले अझ बढी मेहनत गरी समृद्ध शुक्लागण्डकी निर्माणमा योगदान दिन जनप्रतिनिधि तथा कर्मचारीहरूलाई आग्रह गरे । उनले "विपरीत परिस्थितिमा पनि उत्कृष्ट काम गरेर मात्रै जित्न सकिन्छ", भन्दै नगरको लक्ष्य हासिल गर्न सबैको सामूहिक प्रयास आवश्यक रहेकोमा जोड दिए ।

त्यस्तै, उप-प्रमुख खुमबहादुर विक राजुले कर्मचारीहरूलाई नगरपालिकाले सम्पन्न गरेका कामले पारेको प्रभाव स्पष्ट रूपमा देखिने गरी प्रतिवेदन तयार पार्न निर्देशन दिए । उनले विगतको सकारात्मक शृत्तलाई निरन्तरता दिँदै आम जनताले बुझ्ने गरी कार्य सम्पादन गर्नुपर्नेमा जोड दिए।

समीक्षा कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत शिशिर पौडेलले जनप्रतिनिधि र कर्मचारीहरूलाई "अब सच्चिने कि सक्किने, दुई विकल्पमध्ये एक रोज्नुपर्ने समय आएको" भन्दै जिम्मेवारीपूर्वक काम गर्न आह्वान गरे । उनले परिवर्तित समयको माग बुझेर विगतभन्दा भविष्य राम्रो बनाउने खालको काम गर्नुपर्ने आवश्यकता औंल्याए । कार्यक्रममा नगरपालिकाका कर्मचारी, नगरसभा सदस्य तथा पत्रकारहरुको सहभागिता रहेको थियो।




# नवगठित नेकपाले पदाधिकारीको ........

रूपमा स्वीकृत गरेको छ । नेपालको राष्ट्रिय स्वाधीनता, भौगालिक अखण्डता, स्वाभिमान र स्वतन्त्रता अक्षुण्ण राख्न दृढतापूर्वक लागिरहने, राष्ट्र र जनताप्रति इमान्दार, निष्ठावान् र समर्पित भई काम गर्ने सो पार्टीको प्रतिबद्धता छ ।

समाजवादी क्रान्ति र कार्यक्रमप्रति प्रतिबद्ध रही नेकपाले आफ्नो स्थापनाकालदेखि राख्दै आएको वैज्ञानिक समाजवाद स्थापनाको महान् लक्ष्य प्राप्त गर्ने दिशामा दृढतापूर्वक अघि बढ्ने प्रतिबद्धता व्यक्त गरिएको छ । नेपालको वर्तमान संविधानको रक्षा गर्दै शासकीयस्वरूप र निर्वाचन प्रणाली, संघीयताको सवलीकरण तथा स्थानीय तह र जप्रतिनिधिको संख्या घटाउनेलगायत विषयमा पहल गर्ने सो पार्टीको प्रतिबद्धता छ ।

भ्रष्टाचार, अनियमितता र ढिलासुस्तीको अन्त गर्न तथा सुशासन, पारदर्शीता, सामाजिक न्याय र मुलुकको समृद्धिका लागि निरन्तर पहल गर्ने तथा उच्चस्तरीय अधिकारसम्पन्न सम्पत्ति जाँचबुझ आयोग गठन गरेर हालसम्म सार्वजनिक पद धारण गरेका सबै व्यक्तिको सम्पत्ति छानबिन गरी भ्रष्टाचारीलाई कडा कारबाही गराउन प्रभावकारी पहल गर्ने घोषणा गरेको छ ।

राज्यको सेवा प्रवाहलाई छिटो, छरितो र चुस्तदुरूस्त बनाउन र शिक्षा, स्वास्थ्यलगायत आधारभूत सेवा प्रवाहमा आमजनताको पहुँच स्थापित गर्न विशेष पहल गर्ने नेकपाको प्रतिबद्धता छ । विगतका कामको समग्र समीक्षा गरेर भएका कमी कमजोरी सच्याउँदै कार्यशैलीमा व्यापक सुधार, पुनर्गठन र रूपान्तरण गर्दै अघि बढ्ने तथा पार्टीमा आन्तरिक लोकतन्त्रको सुदृढीकरण गर्न र नेतृत्व विकास एवम् हस्तान्तरणको वैज्ञानिक विधि निर्माण गरी लागू गर्न तत्पर रहने प्रतिबद्धता पत्रमा उल्लेख छ ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) र नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी), नेपाल समाजवादी पार्टी, जनसमाजवादी पार्टी नेपाल, नेपाल समाजवादी पार्टी, नेकपा (समाजवादी), नेपाल कम्युनिष्ट पार्टी, नेकपा माओवादी-समाजवादी, नेकपा (साम्यवादी लगायतका विभिन्न कम्युनिष्ट तथा समाजवादी समूहहरु एकताबद्ध भएर नेपाली कम्युनिष्ट पार्टीको घोषणा गरिएको हो । सम्मेलनबाट पार्टीको संयोजकमा पुष्पकमल दाहाल 'प्रचण्ड' र सहसंयोजकमा माधवकुमार नेपाल चयन हुनुभएको छ । रासस

www.bhanjyangnews.com
Email- bhanjyangdml@gmail.com

## facebook twitter



**Narayan Gaunle**
facebook.com/ngaunle

विश्वमा सबैभन्दा बढी प्रकृतिसँग जोडिएको देश कुन होला ?
हालै बेलायतको डर्बी विश्वविद्यालयका प्राध्यापकको नेतृत्वमा भएको एक अनुसन्धानमा नेपाल सबैभन्दा अगाडि रहेछ ! धार्मिक, सांस्कृतिक, आर्थिक र मनोवैज्ञानिक रूपले प्रकृतिसँगको हाम्रो सामीप्य र प्रेम विश्वकै अद्वितीय रहेछ !
हाम्रा लागि नदी देवता हुन्, तुलसी, कुश, पीपल जस्ता वनस्पति पनि देवता हुन् । पर्वत र हिमालय देवता हुन् । टाढाका चन्द्रसूर्यमात्र होइन, नजिकका ढुङ्गामाटो पनि देवता नै हुन् । सर्प, मुसा, सिंह, गरूड या मयूरजस्ता पशुपंक्षी पनि देवताका वाहन या देवता नै हुन् । किताब कुल्चिनु पाप हो, रूख रोप्नु र चौतारी चिन्नु पुण्य हो !
६१ वटा देशका ५७ हजारभन्दा बढी व्यक्तिसँग गरिएको लामो अनुसन्धानले प्रकृतिसँगको मानवीय सम्बन्ध, व्यवहार र सामीप्यलाई विभिन्न कोणबाट हेरेको थियो ! ६१ मध्ये नेपाल पहिलो नम्बरमा आउँदा युरोपको स्पेन अन्तिममा परेछ ।
म बस्ने बेलायत हेर्दा त हरियै देखिन्छ तर यो पनि अन्तिमतिर पर्दो रहेछ । जापान पनि प्रकृतिसँग टाढा देखिन्न तर यो अध्ययनमा त्यो पनि पुछारतिरै रहेछ। प्रकृति भनेको रूख र हरियालीमात्रै नहोला। प्रकृतिप्रतिको सामाजिक 'एटिट्यूड' या 'कनेक्टेडनेस' हाम्रो जस्तो अन्यत्र बलियो रहेनछ ।
ग्लोबल वार्मिंग, अति शहरीकरण, प्रदूषण, क्लाइमेट चेन्ज र कृत्रिमतातिर बढ्दो यो विश्वमा यतिबेला 'प्रकृति' आफैमा महत्त्वपूर्ण विषय हो !
हामी बिजी छौं । हामीलाई यस्ता विषयमा खुशी हुने फुर्सत त खास छैन, तैपनि यही अध्ययनलाई आधार बनाएर अन्तर्राष्ट्रिय मिडियामा छापिएका समाचारमा देशको नाम अगाडि देख्दा खुशी लाग्ने रहेछ !

# मौरीपालनबाट वार्षिक १५ लाख आम्दानी

भञ्ज्याङ समाचारदाता/पर्वत

उमेरले ७३ वर्ष पार गरे पनि जोशजाँगर भने लक्काजवानको भन्दा कम छैन पर्वतको मोदी गाउँपालिका-२ कोरूङ्गाका टीकाराम तिमिल्सिनाको। बिहान उठेदेखि साँझसम्म मौरीको हेरचाहमै उहाँको समय बित्छ । पच्चिस वर्षदेखि व्यावसायिक मौरीपालनमा लाग्नुभएका तिमिल्सिना जिल्लामै मौरीबाजेको रूपमा परिचित हुनुहन्छ । यसअघि उहाँ कुनै बेला जिल्लामा सबैभन्दा बढी सुन्तला उत्पादन गर्ने किसानका रूपमा कहलिनुभएका तिमिल्सिना सुन्तलाखेती छाडेर मौरीपालनमा आकर्षित हुनुभएको हो । तीन सयभन्दा बढी सुन्तलाका बोट लगाएर गाउँमा ठूलो सुन्तला बगैँचा बनाउनुभएका तिमिल्सिना सुन्तलाका बोट मर्दै गएपछि मौरीपालनतर्फ आकर्षित हुनुभएको छ। सुरूमा उहाँले मौरीपाल्न थाल्नुभयो। जब माहुरीको घार र महको माग बढ्न थाल्यो, उहाँले आफ्नो व्यवसायलाई विस्तार गर्दै लानुभएको हो ।

पहाडी भेगमा अनुकूल हुने एपी सेरेना जातको मौरी पाल्नुभएका तिमिल्सिना यो व्यावसायवाट गतिलो कमाइ गर्न सफल भएको बताउनुहुन्छ। तिमिल्सिना भन्नुहुन्छ, "यहाँ उत्पादन गरेको मह घरबाट नै बिक्री हुने गरेको छ । गुणस्तरीय मह भएकाले डुलाउँदै हिँड्नुपर्ने अवस्था छैन । मागअनुसार ग्राहकलाई पुर्याउन सकिरहेको छैन । विभिन्न पालिकाले अनुदानमा वितरण गर्ने घार र मौरीको स्रोतसमेत तिमिल्सिनाको फार्म बनेको छ । कृषि ज्ञान केन्द्र तथा गाउँपालिकाको समन्वयमा गत वर्षमात्र उहाँले एक सयभन्दा बढी माहुरीका घार बिक्री गर्नुभएको थियो।

बगैँचामा अहिले ३५ वटा घारको स्याहार उहाँले गर्नुहुन्छ । घारको संख्या धेरै भए पनि गत बर्खामा घरको आँगनसम्मै आएको केरूङ्गाको विशाल पहिरोले केही घार बगायो । केही अरिङ्गाल चराले नष्ट गरे । गत वर्षमात्र ६० मध्ये ४० घार अरिङ्गालले खाइदिएको उहाँले बताउनुभयो ।

अहिले वर्षमा दुई सय किलो जति मह उत्पादन हुन्छ । मह प्रतिकिलोको रू एक हजार ५०० मा बिक्री हुन्छ । गाउँलेसहित पालिका र जिल्लाका विभिन्न कार्यालयका कर्मचारी महका ग्राहक हुन् । केही वर्ष अगाडि मौरीपालनबाटै वार्षिक रू १५ लाखसम्म कमाउनुभएका उहाँको आम्दानी भने पहिलेको जस्तो छैन । जलवायु परिवर्तन, शत्रु जीव र कीराको आक्रमण, जग्गा बाँझो रहनुलगायत कारण मौरीपालनमा कठिनाइ भएको तिमिल्सिनाको अनुभव छ । विसं २०५७ बाट व्यावसायिक माहुरीपालन थाल्नुभएका उहाँ जिल्लाकै नमूना मौरीपालक किसान हुनुहुन्छ । उहाँले उत्पादन गरेको मह धेरै मात्रामा घरबाट नै बिक्री हुने गरेको छभने काठमाडौं, चितवन, बुटवललगायत बजारमा ब्राण्ड बनिसकेको छ । कुश्माबजार, बागलुङ, क्षेत्रबाट पनि व्यावसायी घरमा नै आएर मह लैजाने गरेका छन् । मौरीसहितका घार प्रतिगोटा रू १० हजार र मह प्रतिकिलो रू एक हजार ५०० मा बिक्री गर्दै आएको उहाँले बताउनुभयो ।

मौरीपालनमा अन्य पेसा व्यवसायजस्तो एकैपटकमा लाखौं लगानी गर्न नपर्ने तर आम्दानी उल्लेख्य हुने भएकाले सागसब्जीखेती, पशुपन्छी तथा कुखुरापालनमाजस्तो निरन्तर खट्न पनि नपर्ने भएकाले मौरीपालनमा किसानको आकर्षण बढेको अर्का अगुवा कृषक उमाकान्त शर्माले बताउनुभयो । उहाँका अनुसार अहिले पर्वतका देउपुर, मल्लाज, भङ्गरा, कुर्घा, ठानामौला, पाङराङ, बाच्छा, लुङ्खुलगायत व्यावसायिक मौरीपालक किसानले बर्सेनि सय बढी मौरीसहितका घार उत्पादन गरेर बिक्री गर्दै आएका छन् । सोही अनुपातमा महसमेत उत्पादन भइरहेको छ ।

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोनः** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४